# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८०/८१ ( प्रशासन शाखा )
च. नं:

मितिः २०८०।१०।२२
ने.सं.: ११४४ पोहेलागा, १० सोमवार

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी
कोशी प्रदेश, नेपाल

विषय : प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।
(प्रथम पटक प्रकाशित मिति : २०८०।१०।२२)

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मा. मन्त्रीस्तरबाट मिति २०७८।१०।१८ मा स्वीकृत स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम यस नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिदसहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

| विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| ०२।२०८०-८१ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :**

**(क) शैक्षिक योग्यता :** सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।

**(ख) अनुभव र सीप :** प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ ।

- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव भएको, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

**(ग) उमेर :** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**२. दरखास्त दिने स्थान :** बराहक्षेत्र नगर कार्यपालिकाको कार्यालय

**३. दरखास्त दिने अन्तिम मिति :** २०८०।११।०८ गते कार्यालय समयभित्र ।

**४. आवेदन दस्तुर :** रु. ५००।— (पाँच सय रुपैयाँ)

**५. छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित तथा प्रयोगात्मक परीक्षा ।

**६. आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु ।

- नागरिकता
- न्युनतम योग्यताको लव्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**७. सेवा सुविधा :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

देवेन्द्र बहादुर मल्ल
प्रमुख प्रशासकिय अधिकृत

देवेन्द्र बहादुर मल्ल